



# जेन–जी आन्दोलन पछि तातोपानी नाकामा झन् कडाई

**अनिश तिवारी**

**फेलो**, सेन्टर फर सोसल इनोभेसन एण्ड फोरेन पोलिसी (सेसिफ)

## सिन्धुपाल्चोक

**जेन–जी आन्दोलन पछि नयाँ सरकार गठन भए संगै चिनियाँ पक्षले तातोपानी सीमा नाकाबाट हुने आयातमा कडाई गरेको छ ।**

चैत २०८२ - २०७२ सालको भूकम्प र त्यसपछि फैलिएको विश्वव्यापी कोरोना महामारीले थलिएको उत्तरी व्यापारिक तातोपानी नाका अझै पूर्ण रुपमा चलायमान हुन सकेको छैन । त्यसमा पनि पछिल्लो समयमा देखिएको राजनीतिक परिवर्तनसंगै चीनले फरक व्यवहार देखाउन थालेको छ । व्यवहारमा सूक्ष्म तर देख्न सकिने स्पष्ट परिवर्तन देखिन थालेको छ ।

जेन–जी आन्दोलनको प्रभाव र नयाँ राजनीतिक शक्ति उदाएको सन्दर्भमा, चीनले नेपाल–चीन सीमामा रहेको झाङमु–तातोपानी नाकामा क्रमशः कडाइ बढाउँदै लगेको स्थानीयको अनुभव छ । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)को एकल नेतृत्वमा नयाँ सरकार गठन भएपछि चीनले यसअघिको चिसो व्यवहारलाई झन् बढाउँदै लगेको देखिन्छ ।

भूकम्पपछि लामो समय बन्द रहेको तातोपानी नाका हाल सञ्चालनमा आए पनि सीमावर्ती जनजीवन अझै सहज भइसकेको छैन । मितेरी पुल आसपासका करिब दुई दर्जन साना पसलमा मात्रै किनमेल गर्न पाउने अवस्था छ । आन्दोलन अघि जस्तो नेपाली सुरक्षाकर्मीलाई पारी जान चीन प्रशासनले बन्देज लगाएको छ । अन्य पर्यटकका लागि नाका अझै बन्दजस्तै छ ।

स्थानीयका अनुसार पछिल्ला महिनाहरूमा चिनियाँ पक्षले सीमामा गरिने जाँच प्रक्रियालाई अझ कडा बनाएको छ । यसले कन्टेनर आवतजावतमा समेत असर परेको देखिन्छ । तातोपानी सुख्खा बन्दरगाह तथा भन्सार कार्यालयका सूचना अधिकारी तुलबहादुर पाण्डेका अनुसार अघिल्लो वर्ष करिब ४ हजार ५ सय कन्टेनर भित्रिएकोमा यस वर्ष घटेर ३ हजार ६ सयमा सीमित भएको छ । दैनिक रुपमा २५–३० कन्टेनर भित्रिने क्रम घटेर चार वटा सम्ममा झरेको उनले बताए । उनका अनुसार यसमा बाढी–पहिरोले सडक अवरुद्ध हुनु, पूर्वाधारको समस्या तथा प्राविधिक कडाइजस्ता विभिन्न कारण जिम्मेवार छन् ।

सांसद पदको औपचारिक शपथ लिनुअघि नै गोरखाबाट निर्वाचित सुधन गुरुङले तातोपानी क्षेत्रको स्थलगत निरीक्षण गरेपछि यो नाकामा थप कडाई गरिएको छ । गुरुङ अहिले वालेन शाह नेतृत्वको सरकारमा गृह मन्त्री छन् ।

गुरुङ अचानक नाकामा पुगेपछि स्थानीयमा जिज्ञासा र विभिन्न अड्कलबाजी देखिएको थियो। सीमा नाकामा पुगेर उनले सुक्खा बन्दरगाह र भन्सार कार्यालयको अनुगमन गर्दै कार्यप्रणालीलाई पारदर्शी र व्यवस्थित बनाउन निर्देशन दिएका थिए । आगमन–प्रस्थानका लागि जडान गरिएको 'वाकथ्रु गेट' बिग्रिएकोप्रति चासो राख्दै तत्काल मर्मत गर्न भनेका थिए भने मजदुर र स्थानीयसँग भेटघाट गरी समस्या सुनेका थिए ।

सुधनको भ्रमण र सीमामा देखिएको कडाइबीच प्रत्यक्ष सम्बन्ध रहेको विषयमा आधिकारिक पुष्टि गर्ने आधार नदेखिए पनि सीमामा

प्रभाव भने परिसकेको छ । भन्सार प्रमुख राजेन्द्रप्रसाद चुँडालले तातोपानी नाका गुलजार बन्दै गएको दाबी गर्दै सामाजिक सञ्जालमा फैलिएका आंशिक बन्दको हल्लालाई अस्वीकार गर्छन् ।

पहिरोले सडक रोकिँदा खासाबाट डाइभर्ट भएर झन्डै नौ अर्ब राजस्व मुस्ताङको कोरोला नाकामा संकलन भएको उनले बताए ।




नवनियुक्त गृहमन्त्री सुदन गुरुङ सिन्धुपाल्चोकस्थित तातोपानी नाकाको स्थलगत भ्रमणमा । तस्बिर: अनिश तिवारी

उनका अनुसार हाल नाकाबाट जलविद्युत् आयोजनाका उपकरण, रेडिमेड सामग्री, इलेक्ट्रोनिक्स, फलफूल तथा विद्युतीय सवारीसाधन आयात भइरहेको छ । सरकारी पक्षले तातोपानी नाका पूर्ण रुपमा सञ्चालनमा रहेको दाबी गरे पनि सीमावर्ती जनताको दैनिकी अझै सहज भइसकेको छैन । भौगोलिक जटिलता, कमजोर सडक पूर्वाधार, प्राकृतिक विपत्ति र प्रशासनिक कडाइबीच यो नाका अझै पूर्ण पुनरुत्थानको प्रतीक्षामा छ ।

राजनीतिक परिवर्तनसँगै छिमेकीको व्यवहारमा आएको भनिएको कडाइ, पूर्वाधार निर्माणका कारण देखिएको अस्थायी अवरोध र स्थानीयस्तरमा बढ्दो चासोबीच तातोपानी नाका अब कस्तो दिशामा अघि बढ्छ भन्ने प्रश्न अझै खुला नै छ । राजस्व संकलनमा भने लक्ष्यअनुसार प्रगति हुन सकेको छैन् । चालु आर्थिक वर्षमा २४ अर्ब ४७ करोड रुपैयाँभन्दा बढी संकलन गर्ने लक्ष्य राखिएकोमा हालसम्म करिब आधा मात्रै उठेको छ । भन्सार अधिकृत रमेशबहादुर शाहका अनुसार १५ चैतसम्म ९ अर्ब ६६ करोड रुपैयाँ संकलन भएको छ । पहिरोका कारण सडक अवरुद्ध हुँदा ठूलो परिमाणको व्यापार मुस्ताङको कोरोला नाकातर्फ मोडिएको उनले बताए । यस्तै, खासा क्षेत्रमा पुनर्निर्माण कार्यका कारण पनि बेलाबेला सडक अवरोध हुने कार्यतालिका बनाइएको छ ।

चिनियाँ बाहेक अन्य पर्यटकलाई हालका लागि नाका बन्द गरिएको छ । महिनाको १५ दिन रसुवा नाका बन्द हुने भएकोले कैलाश मानसरोवर जाने भारतीय तीर्थयात्रीलाई तातोपानीबाट प्रवेश अनुमति दिने तयारी भएको अध्यागमन कार्यालय कोदारीले जानकारी दिएको छ ।

भौगोलिक अवस्थाले सडकको समस्या धेरै छ । बर्खा सुरु भएकोले लिपिङबाट बाह्रबिसेसम्म २६ किलोमिटर सडक कन्टेनरका लागि कष्टकर हुनेछ । बाह्रबिसेबाट लिपिङसम्म सडक विस्तार र इको पहिरो नियन्त्रण दुवै निर्माण कार्य एकसाथ भइरहेकोले मुख्य वर्षाअघि नै सडकको दुरवस्था हट्ने सडक डिभिजन कार्यालय चरिकोटका प्रमुख नारायण भण्डारीले जानकारी दिए ।

### सांसदको सपत नलिई चिनियाँ नाकामा सुधन

केही समयअघि नवनियुक्त गृहमन्त्री सुधन गुरुङले सिन्धुपाल्चोकस्थित तातोपानी नाकाको स्थलगत भ्रमण गरेका थिए । त्यतिखेर निर्वाचित भएर सांसद पदको आधिकारिक शपथ ग्रहण गर्नुअघि हत्तारिएर एकाएक यँहा उनको अस्वभाविक आगमनलाई लिएर अनेक आशंका व्याप्त छन् । अधिकाशं



प्राकृतिक प्रकोपका कारण बिग्रिएको लिपिङ - बाह्रबिसे सडक खण्ड । तस्बिर: अनिश तिवारी

सीमाबासीले सीमाक्षेत्रमा उनको आगमनलाई रहस्यमयी रुपमा लिएका छन् ।

आफैंले गाडी हाँकेर त्यँहा गएका सुधनले भन्सार कार्यालयको कार्यपद्धतिलाई थप व्यवस्थित र पारदर्शी बनाउन निर्देशन गरेको भोटेकोशी गापा २ का स्थानीय छिरिङ शेर्पाले बताए । उनले अध्यागनमअघिको आगमन–प्रस्थानमा राखिएको चिनियाँ प्रविधिको मेसिन 'वाकथ्रु गेट' बिग्रिएकोप्रति गम्भीर चासो राखेका थिए । तत्काल मर्मत गरी सुचारु गर्न निर्देशन दिएका थिए । ड्राइपोर्टका मजदुर र भोटेकोशी गाउँपालिका वडा नं ३ का स्थानीयसँग पनि भेटघाट गरी उनीहरुका समस्या सुनेका थिए । उनले दलाई लामा र उनीसँग सम्बन्धित गुम्बाका स्थानीयसँग सम्बन्धित मान्छेलाई भेटेको केहीले आरोप पनि लगाउँदै आएका छन् ।

**दलाइ लामासंग तातोपानी नाकाको साइनो**

२०७२ सालको भूकम्पले चीनतर्फ खासा, रमिते रपाङका ७५ प्रतिशत भौतिक संरचना ध्वस्त थिए ।त्यति बेला उद्धारको क्रममा चिनियाँ अधिकारीले घरहरुको पूजाकोठामा दलाई लामाका तस्वीर राखिएको फेला पारेका थिए । त्यसयता स्थानीयलाई नेपालतर्फ सीमाक्षेत्र आउन कडाइ गरिएको तातोपानीका प्रत्यक्षदर्शी स्थानीय अगुवा सानु शेर्पा बताउँछन् ।

दलाई लामा निर्वासित भएको केही वर्षपछि सन् १९६० तिर नेपालतर्फ सीमाक्षेत्रको तातोपानी, लिस्तीकोट, मार्मिङ र फुल्पिङकट्टीमा दर्जनौं गुम्बा बने । तीमध्ये एउटा भोटेकोसी–१ लिस्तीकोटको छगाममा सेंग्डक बखाङ धोन्दुप धिङ गोन्पा आनी गुम्बा तिब्बतबाट आएका धर्मगुरु सेंग्डक रिन्पोछेले स्थापना गरेको यहाँका वडाध्यक्ष साङ्बो लामा बताउँछन् । गुम्बामा ३० देखि ७० वर्षसम्मका १०० भन्दा धेरै आनीमध्ये तिब्बती शरणार्थी पनि छन् । "घरहरूमा दलाई लामाको तस्वीर राखिएको घटनाको म आफैं साक्षी भएँ । अहिले उनीहरू (स्थानीय तिब्बती) एक प्रकारले बन्धकजस्तै छन् । चीनबाट नेपाल आउन कडाइ छ," भूकम्प पछिको अवस्थाबारे शेर्पाले भने । दलाई लामाका अनुयायीहरूको बसोबास भएकै कारण चीनले यो नाकालाई प्राथमिकतामा नराखेका उनको अनुमान छ ।

नेपालतर्फ पनि दलाई लामाका समर्थक छन् । नेपालीलाई अहिले सीमापारि जाँदा कडाइ गर्नुको कारण वारिपारि नै दलाई लामाको समर्थक हुनु पनि भएको उनी बताउँछन् ।

सिन्धुपाल्चोक उद्योग वाणिज्य संघका पूर्व महासचिव शम्भु तिमल्सिना चीनले स्वभाव बदल्नुको प्रमुख कारण सरकारी समन्वय र सहजीकरणको अभाव भएको बताउँछन् । अन्य कारण सहायक भएको उनको भनाइ छ । "सरकारले नाका फराकिलो बनाउने आवश्यकतालाई गम्भीरतापूर्वक लिएन, फलस्वरूप नाका खुम्चिँदै गएको देखिन्छ, सरकारले राजस्वमा मात्रै ध्यान दिएको छ," उनले भने ।